## श्री ५ को सरकार
## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराजबाट बनाइबक्सेको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

### २०१९ सालको ऐन नं. ६२

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला ओजस्विराजन्य अति तेजस्वी त्रिभुवन प्रजातन्त्रश्रीपद अति कीर्तिमय नेपालश्रीपद प्रोज्ज्वल नेपालतारा ॐ रामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखा-दक्षिणबाहु महाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### सर्वोच्च अदालतका सम्बन्धमा कतिपय व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना:- सर्वोच्च अदालतका सम्बन्धमा कतिपय व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट नेपालको संविधानको धारा ९३ बमोजिम यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ:- (१) यस ऐनको नाम "सर्वोच्च अदालत ऐन, २०१९" रहेकोछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा:- विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा-

(क) "सर्वोच्च अदालत" भन्नाले नेपालको संविधानको धारा ६८ बमोजिमको सर्वोच्च अदालत सम्झनुपर्छ ,

(ख) "प्रधान न्यायाधीश" भन्नाले नेपालका प्रधान न्यायाधीश सम्झनुपर्छ र सो शब्दले कायम मुकायम प्रधान न्यायाधीशसमेत जनाउंछ ,

(ग) "न्यायाधीश" भन्नाले प्रधान न्यायाधीश र सर्वोच्च अदालतका अन्य स्थायी न्यायाधीश सम्झनुपर्छ ।

३. सर्वोच्च अदालतमा रहने न्यायाधीशहरू:- (१) सर्वोच्च अदालतमा एकजना प्रधान न्यायाधीश र बढीमा ६ जनासम्म स्थायी न्यायाधीश रहनेछन् ।

(२) सर्वोच्च अदालतमा आवश्यकता भए अनुसारको संख्यामा अस्थायी वा अतिरिक्त न्यायाधीशको नियुक्ति हुन सक्नेछ ।

४. सर्वोच्च अदालतको स्थान:- सर्वोच्च अदालत काठमाडौंमा वा प्रधान न्यायाधीशको राय लिई श्री ५ बाट समय समयमा तोकिबक्सेका ठाउं वा ठाउंहरूमा अवस्थित हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. अधिकारीवर्गले सर्वोच्च अदालतलाई सहयोग दिनुपर्नेः– नेपाल अधिराज्यभरका सबै किसिमका अधिकारीवर्गले सर्वोच्च अदालतलाई सहयोग दिनुपर्छ ।

६. सर्वोच्च अदालतको अवहेलनाः– सर्वोच्च अदालतले आफ्नो वा आफ्ना मातहतका अदालतको अवहेलनामा कारवाइ चलाउन सक्छ र अदालतको अवहेलना ठहराएमा सर्वोच्च अदालतले छ महीनासम्म कैद वा ने.रु. ५००। पांचसयसम्म जरिबाना वा दुवै सजाय गर्ने गरी आदेश दिन सक्छ ।

तर सर्वोच्च अदालतलाई सन्तोष हुनेगरी अभियुक्तले क्षमा याचना गरेमा निजलाई अदालतले रिहाइ दिन वा सजाय तोकिसकेको भए सो सजाय माफ गर्न सक्नेछ ।

७. न्यायाधीशहरूको पारिश्रमिकः– (१) प्रधान न्यायाधीशलाई प्रतिमास ने.रु. १८०० अठारसयका दरले तलब दिइनेछ ।

(२) सर्वोच्च अदालतका अन्य न्यायाधीशलाई प्रतिमास ने.रु. १५००। पन्ध्रसयका दरले तलब दिइनेछ ।

(३) उप–दफा (१) वा (२) बमोजिम तलब पाउने व्यक्तिले सरकारी सेवा गरे बापत पेन्सन पाइराखेको भए निज न्यायाधीशको पदमा बहाल रहेसम्म त्यस्तो पेन्सन पाउने छैन ।

८. प्रधान न्यायाधीशको निवासस्थान र सवारीः– (१) सर्वोच्च अदालत अवस्थित हुने ठाउंमा निजी घर नहुने प्रधान न्यायाधीशले चाहेमा निजको प्रयोगको निमित्त श्री ५ को सरकारले निवासस्थानको वन्दोबस्त गरिदिनेछ ।

(२) उप–दफा (१) बमोजिम वन्दोवस्त भएका घरमा बस्ने प्रधान न्यायाधीशसंग सो घर सरकारी वा गैरसरकारी जे भए पनि निजले पाउने मासिक तलब अंक जम्माको सयकडा सातका दरले भाडा बापत प्रतिमास श्री ५ को सरकारले तलबबाट कट्टा गरी लिनेछ ।

तर बहालमा लिएको गैरसरकारी घरको भाडा प्रधान न्यायाधीशको मासिक तलबको सयकडा सातभन्दा कम प्रतिमास पर्ने रहेछ भने पर्ने अंक जति मात्र श्री ५ को सरकारले लिनेछ ।

(३) श्री ५ को सरकारले वन्दोवस्त गरिदिएको निवासस्थानमा जडान भएको बिजुली बत्ती, पानीको धारा इत्यादिमा लाग्ने महसूल प्रधान न्यायाधीशले व्यहोर्नुपर्नछ ।

(४) प्रधान न्यायाधीशलाई श्री ५ को सरकारतर्फबाट सवारी निम्ति मोटर सुविधा दिइनेछ ।

९. न्यायाधीशहरूको भ्रमण र दैनिक भत्ताः– न्यायाधीशले आफ्नो ओहदा सम्बन्धी कामका सिलसिलामा नेपाल अधिराज्यभित्र भ्रमण गर्दा निजलाई देहायका दरले भत्ता दिइनेछः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) भ्रमण खर्चः– हवाई मार्ग, रेल मार्ग वा बस सर्भिसबाट भ्रमण गर्दा डेढ जनालाई लाग्ने पहिलो दर्जाको टिकट खर्च र अरू सवारीबाट भ्रमण गर्दा लाग्ने ज्याला भाडा ।

(ख) दैनिक भत्ताः– आफ्नो एक दिनको तलबको आधा ।

१०. न्यायाधीशहरूको उपदान र पेन्सनः– (१) श्री ५ को सरकारको सेवामा बहाल रहेको कुनै व्यक्ति न्यायाधीशको पदमा नियुक्त भएमा सो सेवामा रहंदाको निजको उप–दान र पेन्सन सम्बन्धी हक कायम रही त्यसमा न्यायाधीशको पदमा बहाल रहंदाको अवधि र तलबसमेतको गणना भई उप–दान र पेन्सन दिइनेछ । प्रधान न्यायाधीशको पेन्सनको उपल्लो हद वार्षिक ने.रू. ७२०० सातहजार दुईसय र अन्य न्यायाधीशको पेन्सनको उपल्लो हद वार्षिक ने.रू. ६००० छहजार हुनेछ ।

(२) श्री ५ को सरकारको सेवामा बहाल नरहेको कुनै व्यक्ति न्यायाधीशको पदमा नियुक्त भएमा सो पदमा बहाल रहेको अवधिको प्रत्येक वर्षको ने.रू. ६०० छसयका दरले उप–दान त्यस्ता व्यक्तिले न्यायाधीशको पदबाट छुटेपछि पाउनेछ ।

तर त्यस्तो व्यक्ति न्यायाधीशको पदमा नियुक्त हुंदा अघि सरकारी सेवा गरे बापत पेन्सन पाइराखेको रहेछ वा न्यायाधीशको पदमा उप–दफा (१) बमोजिम पेन्सन पाउने अवधिसम्म बहाल रही पेन्सन पाउने भएमा यो उप–दफा बमोजिमको उप–दान पाउने छैन ।

११. न्यायाधीशहरूको बिदाः– (१) न्यायाधीशले देहाय बमोजिमका बिदाहरू पाउन सक्नेछन् ।

(क) भइपरी आउने बिदा,

(ख) घर बिदा,

(ग) बिरामी बिदा, र

(घ) विशेष बिदा ।

(२) न्यायाधीशले प्रत्येक वर्ष पन्ध्र दिनमा नबढाई भइपरी आउने बिदा लिन पाउने छन् । सो बिदा सांचिएको सालको अर्को सालमा लिन पाउने छैनन् । सो बिदा लीबसेको न्यायाधीशले पूरा तलब पाउने छन् ।

(३) न्यायाधीशले काम गरेको अवधिको बाह्र दिनको निमित्त एक दिनको दरले घर बिदा पाउन सक्नेछन् । घर बिदा बढीमा एकसय बीस दिनसम्म जम्मा गरी राख्न सकिनेछ । घर बिदा बसेका न्यायाधीशले पूरा तलब पाउने छन् । साधारणतः न्यायाधीशलाई आखिरी घर बिदा लिएका समयदेखि तीन महीना नगुज्री अर्को घर बिदा दिइने छैन । घर बिदा दिनेमा काम गरेको अवधि हिसाब गर्दा भइपरी आउने बिदा बसेको दिन र सार्वजनिक बिदाको दिनसमेत काम गरेको दिनमा जोडिनेछ ।

२३९
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) न्यायाधीशले साल एकमा बाह्र दिनसंम साधारण बिरामी बिदा पाउन सक्नेछन् । त्यस्तो बिरामी बिदा पूरा तलबसहितको हुनेछ । कुनै ठूलो वा कडा रोग लागि बिरामी भई बिदा लिन चाहेमा एक पटकमा दुई महीनासम्म पूरा तलबसहित र त्यसपछि चार महीनासम्म बिना तलबको बिरामी बिदा पाउन सक्नेछन् ।

(५) न्यायाधीशले देहाय बमोजिम विशेष बिदा पाउन सक्नेछन् र त्यस्तो बिदा आधा तलबसहितको हुनेछः–

(क) एक पटकमा एक महीनामा नबढाई र

(ख) सेवाको तमाम अवधिभरमा छ महीनामा नबढाई ।

(६) श्री ५ को सरकारको सेवामा रहेको कुनै व्यक्ति न्यायाधीशको पदमा नियुक्त भएमा सो सेवामा रहंदाको निजको सञ्चित बिदा सम्बन्धी हक उपभोग गर्न-बाट निजलाई बञ्चित गरिने छैन ।

(७) प्रधान न्यायाधीश बाहेक अन्य न्यायाधीशको बिदा प्रधान न्यायाधीशले स्वीकृत गर्न सक्नेछ ।

तर प्रधान न्यायाधीशको बिदाका लागि श्री ५ बाट स्वीकृति लिनुपर्नेछ ।

१२. <u>सर्वोच्च अदालतको वार्षिक रिपोर्टः–</u> सर्वोच्च अदालतले आफ्नो र आफ्ना मातहतका अदालतहरूले गरेको काम कारवाईको वार्षिक रिपोर्ट श्री ५ मा प्रस्तुत गर्नेछ ।

१३. <u>नियम बनाउने अधिकारः–</u> (१) सर्वोच्च अदालतले आफ्नो रोह रीत र कार्यप्रणाली व्यवस्थित गर्न आवश्यक नियमहरू बनाउन सक्दछ ।

तर ती नियमहरू श्री ५ बाट स्वीकृत नभई लागू हुनेछैनन् ।

(२) उप–दफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा कुनै प्रतिकूल प्रभाव नपारी खास गरी देहायका विषयमा नियमहरू बन्न सक्नेछन्:–

(क) सर्वोच्च अदालतको काम फछ्र्यौट र सो अदालतको अधिकारक्षेत्रको प्रयोग कुनै एकजना न्यायाधीश, डिविजन बेञ्च, स्पेशल बेञ्च र फूल बेञ्चले गर्नेबारे,

(ख) सर्वोच्च अदालतमा अपील दायर गर्ने, अपील सुन्ने र तत्सम्बन्धी अरू विषयबारे,

(ग) सर्वोच्च अदालतले आफ्नो निर्णयको रिभ्यू कुन अवस्था र शर्तमा गर्ने सोबारे,

(घ) सर्वोच्च अदालतको अन्तिम निर्णय नेपालको संविधानको धारा ७२ को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (ख) बमोजिम दोहऱ्याउने तरीका-बारे,

(ङ) सर्वोच्च अदालतका वकीलहरूबारे ।

380

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।